# केराबारी गाउँपालिका

## स्थानीय राजपत्र

केराबारी गाउँपालिकाद्वारा प्रकाशित

**खण्ड १०) केराबारी, बैशाख ०८ गते, २०८३ साल (संख्या ०१**

**भाग-२**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम केराबारी गाउँ कार्यापलिकाले बनाएको तल लेखिए बमोजिमको मापदण्ड सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### केराबारी गाउँपालिकाको अति विपन्न एकल महिला आर्थिक सहयोग कार्यक्रम सञ्चालन मापदण्ड, २०८३

<u>**प्रस्तावना:**</u> स्थानीय तहभित्र रहेका अति विपन्न, असहाय र एकल महिलाहरूको आर्थिक अवस्था सुधार गरी उनीहरूलाई आत्मनिर्भर बनाउनर सामाजिक सुरक्षाको प्रत्याभूति गर्न बाञ्छनीय भएकोले,

केराबारी गाउँकार्यपालिकाले यो मापदण्ड बनाएको छ।

**१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यस मापदण्डको नाम **"केराबारी गाउँपालिकाको अति विपन्न एकल महिला आर्थिक सहयोग कार्यक्रम सञ्चालन मापदण्ड, २०८३"** रहेको छ ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ ।

**२. <u>परिभाषा:</u> बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-**

(क) एकल महिलाः एकल महिला भन्नाले नेपालको प्रचलित कानुन बमोजिमको परिभाषामा परेका व्यक्ति सम्झनुपर्दछ।

(ख) "अति विपन्न" एकल महिला भन्नाले,

१.आफ्ना आधारभुत आवश्यकता पुरा गर्न साथै विहान बेलुका हातमुख जोड्न धौ धौ पर्ने अवस्था भएका,

२.आफ्नै नियमित आयस्रोत नभएका ज्याला मजदुरी गर्ने,

३.खेतिपाती गरेर वर्ष दिन खान नपुग्ने,

४.रेखदेख गर्ने छोराछोरी वा परिवारका अन्य सदस्यहरु नभएका,

५.भूमिहिन, सुकुम्बासी अथवा आफ्नै घर- जग्गा नभएका वा बस्न अयोग्य भएका एकल महिला,

६.स्वास्थ्य, शिक्षा, रोजगारको हिसावले न्युन पहुँच रहेका,

७.दैनिक गुजारा गर्न कठिनाइ भएका, आयस्रोत नभएका र स्थानीय तहको गरिबीको सूचीमा सूचीकृत भएको ।

(ग) "वडा कार्यालय" भन्नाले केराबारी गाउँपालिकाको वडा कार्यालय सम्झनुपर्दछ।

(घ) "कार्यालय" भन्नाले केराबारी गाउँपालिकाको कार्यालय सम्झनुपर्दछ।

(ङ) "समिति" भन्नाले यस कार्यविधिको उपदफा (३) बमोजिमको समिति सम्झनुपर्दछ।

(च) "गाउँपालिका" केराबारी गाउँपालिकाको कार्यालय सम्झनुपर्दछ।

(छ) "अध्यक्ष" भन्नाले केराबारी गाउँपालिकाको अध्यक्ष सम्झनुपर्दछ।

(ज) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले केराबारी गाउँपालिको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्दछ।

(झ) "उपाध्यक्ष भन्नाले" केराबारी गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्दछ।

३. **प्राथमिकताका आधारहरू:** लाभग्राही छनौट गर्दा देहायका अवस्था महिलालाई प्राथमिकता दिइनेछ।

(क) सम्बन्धित वडाको स्थायी बासिन्दा हुनपर्ने।

(ख) नेपाल सरकारले तोकेको "अति विपन्न" मापदण्डभित्र परेको हुनुपर्ने।

(ग) सरकारी वा अन्य संघसंस्थाबाट नियमित पारिश्रमिक वा पेन्सन नपाउने।

(घ) एकल महिला सामाजिक सुरक्षा भत्ता बाहेक अन्य आर्थिक आय नभएको।

(ङ) आश्रित बालबालिका भएका एकल महिला।

(च) दलित, जनजाति वा पिछडिएको समुदायका महिला।

४. **अति विपन्न एकल महिलाहरुका लागि आर्थिक सहयोग कार्यक्रम सञ्चालन तथा व्यवस्थापन समिति:**(१) गाउँपालिकामा अति विपन्न एकल महिलाहरुलाई आर्थिक सहयोग वितरणको लागी देहाय बमोजिमको रहेको सदस्य भएको समित रहनेछ।

(क) गाउँपालिकाको उपाध्यक्ष

- संयोजक

(ख) गाउँपालिकाको सामाजिक विकास समिति संयोजक

- सदस्य

(ग) गाउँ कार्यपालिकोकाको महिला सदस्यहरु मध्ये संयोजकले तोकेको एक जना दलित महिला

-सदस्य

(घ) आर्थिक प्रशासन शाखा प्रमुख

- सदस्य

(ङ) महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख

-सदस्य सचिव

५. **<u>समितिको काम, कर्तव्य र अधिकारः</u>** (१)यस कार्यविधिमा लेखिएदेखि बाहेक समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) समितिको निर्णय बमोजिम ७ दिनको सुचना प्रकाशन गर्ने।

(ख) अति विपन्न एकल महिलाहरुले आवश्यक कागजात सहित दिएको आवेदन संकलन गर्ने ।

(ग) प्राप्त निवेदनको आधारमा निवेदकहरु मध्येबाट आवश्यकताको सम्भाव्यता हेरी आर्थिक सहयोग

दिन सकिने वा नसकिने व्यहोरा यकिन गरी सोही बमोजिम लाभग्राही छनोट गर्ने।

(२) समितिको निर्णय बमोजिम आर्थिक सहयोग वापत खर्च भएको रकम गाउँकार्यपालिकाको वैठकमा पेश गरि अनुमोदन गराउनुपर्नेछ।

(३) लाभग्राहीहरूको विवरण, वितरण गरिएको रकम र कार्यक्रमको प्रगतिको पूर्ण अभिलेख दुरुस्त राख्ने।

(४) आर्थिक सहयोग वितरणको छनोट प्रक्रियामा विवाद उत्पन्न भई खास निर्णय गर्नु परेमा गाउँपालिकाको अध्यक्ष, प्रमुख प्रशासकीय

अधिकृत तथा लाभग्राहीहरुको सम्बन्धित वडाको वडाअध्यक्षलाई आमन्त्रित सदस्यको रुपमा समितिको वैठकमा सहभागी गराउन सकिनेछ।

(५) कार्यक्रम सञ्चालन गर्दा देखिएका व्यवहारिक कठिनाइहरू पहिचान गरी आगामी वर्षका लागि नीति र बजेटमा सुधार गर्न सम्बन्धित निकायलाई सुझाव दिने।

(६) रकम प्राप्त गरेका लाभग्राहिले सम्झौता अनुसार काम गरे नगरेको अनुगमन गरी प्रतिवेदन तयार गर्ने।

(७) समितिको वैठक आवश्यकता अनुसार बस्नेछ।

६. **<u>सहयोगको प्रकार रकमको सीमाः</u>** (१)अति विपन्न एकल महिलालाई आर्थिक सहयोग वापत न्युनतम प्रति व्यक्ति रु. २५,००० देखि अधिकतम ५०,००० सम्म (बजेट उपलब्धताका आधारमा) उपलब्ध गराइने।

(२) गाउँपालिकाले आफ्नो बजेट अनुसार देहाय बमोजिमको सहयोग गर्न सक्नेछः

(क) नगद अनुदानः व्यवसाय सुरु गर्न (जस्तैः सिलाई बुनाई, पशुपालन, किराना पसल, अन्य आयमुलक कार्यक्रम सञ्चालन) एकमुष्ट निश्चित रकम वा,

(ख) सीपमूलक तालिमः मागमा आधारित सीप सिकाउने र सामग्री उपलब्ध गराउने ।

७. **<u>सम्झौता गर्नुपर्नेः</u>** सम्बन्धित व्यक्तिले आर्थिक सहयोग प्राप्तिको लागी गाउँपालिकासँग अनुसूची -१ बमोजिम सम्झौता गर्नुपर्नेछ।

८. **<u>आवश्यक कागजातहरूः</u>** लाभग्राहीले आर्थिक सहयोग प्राप्तिको लागि देहाय बमोजिमको कागजात संलग्न गर्नुपर्नेछ।

(क) निवेदन (अनुसूची २ को ढाँचामा)

(ख) नेपाली नागरिकताको प्रतिलिपि।

(ग) वडा कार्यालयको अतिविपन्नता र एकल महिला भएको प्रमाणित सिफारिस।

(घ) बैंक खाताको विवरण।

(ङ) सञ्चालन गर्ने आयमुलक कामको प्रस्तावना (अनुसूची ३ बमोजिमको ढाँचामा)

९. **भुक्तानी:** (१) कार्यालयबाट प्राप्त हुने आर्थिक सहयोग प्राप्ति वापतको रकम सम्बन्धित बैंक खाता मार्फत भुक्तानी गरिने।

(२) दफा (७) बमोजिमको सम्झौता पश्चात सम्बन्धित लाभग्राहीहरुलाई सम्झौता बमोजिमको रकम उपलब्ध गराईनेछ।

१०. **अनुगमन तथा मूल्याङ्कन:** (१) रकम प्राप्त गरेपछि दफा (७) को सम्झौता बमोजिमको कार्य गरे/नगरेको समिति र महिला बालबालिका तथा जेष्ठ नागरिक शाखाले अनुगमन गर्नेछ।

(२) दफा (७) को सम्झौता बमोजिमको रकमको दुरुपयोग भएमा वा उद्देश्य अनुसार काम नगरेको पाईएमा भविष्यमा कुनै पनि आर्थिक सहुलियत, अनुदान सहायता प्रदान नगर्ने गरी समितिले निर्णय गर्न सक्नेछ साथै नियमानुसार असुल उपर गरिनेछ।

११. **संशोधन:** कार्यपालिकाले आवश्यकता अनुसार यो मापदण्ड संसोधन गर्न सक्नेछ।

१२. **बचाउ:** केराबारी गाउँपालिबाट यस अघि अति विपन्न एकल महिलाको लागी सञ्चालन गरिएको सहयोग कार्यक्रमहरु यसै मापदण्ड बमोजिम भए गरेको मानिनेछ।

## अनुसूची १

दफा (७) सँग सम्बन्धित

**अति विपन्न एकल महिलाको लागि आर्थिक सहयोग कार्यक्रमको सम्झौता-पत्र**

यस केराबारी गाउँपालिकाको कार्यालय मोरङ (यस पछी प्रथम पक्ष भनिएको) र श्री................................. (यस पछी दोस्रो पक्ष भनिएको) बिच केराबारी गाउँपालिकाको आ. व. २०...../०...... को बार्षिक कार्यक्रम अति विपन्न एकल महिलाको लागि आर्थिक सहयोग कार्यक्रम अन्तर्गत देहायको बमोजिमको शर्तको पालना गर्ने गरी दोस्रो पक्षले पहिलो पक्षलाई उपलब्ध गराउन मञ्जुर भएको हुँदा सम्झौता गरी १/१ प्र

।

ति आपसमा बुझि लियौ दियौ ।

**शर्तहरुः**

**१. कार्यक्रमको नामः.............................**

२. प्रथम पक्षले दोस्रो पक्षलाई .................... (व्यवसायको नाम, जस्तैः बाख्रापालन/सिलाइ बुनाई/तरकारी खेती) सञ्चालन गर्नका लागि जम्मा रु. ................... (अक्षरेपी रु. ........................................ मात्र) आर्थिक सहयोग उपलब्ध गराउनेछ।

२. सम्झौता मितिः.....................

३. सञ्चालन गर्ने आयमुलक कामः ..................

४. दोस्रो पक्षले प्राप्त रकम जुन उद्देश्यका लागि लिइएको हो सोही कार्यमा मात्र खर्च गर्नुपर्नेछ।

५.समिति र महिला बालबालिका तथा जेष्ठ नागरिक शाखाले जुनसुकै समयमा पनि व्यवसायको अनुगमन गर्न सक्नेछ।

६. अनुगमनका क्रममा रकमको दुरुपयोग भएको पाइएमा वा सम्झौता अनुसार काम नभएमा गाउँपालिकाले **"केराबारी गाउँपालिकाको अति विपन्न एकल महिलाको लागि आर्थिक सहयोग कार्यक्रम सञ्चालन मापदण्ड २०८३"** अनुसार कानूनी कारबाही अगाडि बढाउन सक्नेछ।व्यवसाय सञ्चालन गर्दा आइपर्ने कुनै पनि जोखिम वा क्षतिमा गाउँपालिका जिम्मेवार हुने छैन।

| दोस्रो पक्षको तर्फबाट | पहिलो पक्षको तर्फबाट |
|---|---|
| नामः | नामः |
| पदः | पदः |
| हस्ताक्षरः | हस्ताक्षरः |
| मितिः | मितिः |
| | केराबारी गाउँपालिकाको कार्यालय, मोरङ |

इति सम्बत २०..... साल ..... गते ....रोज शुभम ।

## अनुसूची २

दफा (८) को (क) सँग सम्बन्धित

## आर्थिक सहयोगको लागि आवेदनको नमुना फारम

श्री प्रमुख प्रशासकिय अधिकृत ज्यु,
मितिः ..................

केराबारी गाउँकार्यपालिकाको कार्यालय, केराबारी मोरङ

**विषयः आर्थिक सहयोग उपलब्ध गराईपाउँ।**

यस कार्यालयबाट महिला सशक्तिकरणको लागि अति विपन्न महिला एकल महिलाहरुका लागि आर्थिक सहयोग कार्यक्रम सञ्चालन मापदण्ड बमोजिम उपलब्ध हुने सहयोग सम्बन्धमा भएको सम्पुर्ण व्यवस्था र सम्झौताका शर्त पालना गर्ने गरी यस केराबारी गाउँपालिका वडा नं. .................................. स्थायी ठेगाना भएको म .................................. लाई मैले सञ्चालन गर्न लागेको व्यवसाय .................................. को लागी आवश्यक रकम रु. ............. (अक्षेरुपि..................................) तोकीएको सम्झौता शर्त अनुसार उपलब्ध गराईदिनु हुन अनुरोध छ।

निवेदक

नामः

ठेगानाः

# अनुसूची ३

दफा (८) को (ङ) सँग सम्बन्धित

अतिविपन्न एकल महिलाको लागी आर्थिक सहयोग कार्यक्रम

प्रस्तावना

**१.सञ्चालन गर्न लागेको आयमूलक कार्यको विवरण/नामः**

..................................

**२.परिचय**

प्रस्तुत सम्बन्धमा म यस ......................केराबारी गाउँपालिका वडा नं. .... को स्थायी बासिन्दा हुँ। विगत ...... वर्षदेखि एकल महिलाको रूपमा परिवारको जिम्मेवारी सम्हाल्दै आएकी छु। मेरो घरको आर्थिक अवस्था कमजोर र अतिविपन्न रहेको र नियमित आयश्रोतको माध्यम नभएकाले दैनिक आवश्यकता पुरा गर्न कठिनाइ भइरहेको अवस्था छ।म स्थानीय स्तरमा आफ्नै व्यवसाय सञ्चालन गरि नियमित आम्दानिको स्रोत बनाउन चाहन्छू।त्यसै अनुसार यस गाउँपालिकाको अतिविपन्न एकल महिलाको लागि आर्थिक सहयोग कार्यक्रम अन्तर्गत आर्थिक सहयोग उपलब्ध गरी पाउँ भन्ने उद्देश्यको साथ यो प्रस्तावना तयार पारेको छू।

**२.अनुमानित बजेटः** सहयोग आवश्यक रकमको विवरण (उदाहरणका लागि):

(क) सामान/वस्तु खरिदः रु. ...............

(ख) खोर/पसल व्यवस्थापनः रु. ...............

(ग) आफ्नो लागानी रु. ...........

(घ) व्यवसाय सञ्चालन गर्न आवश्यक कुल माग गरिएको रकमः रु. ........

**३.कार्य योजना:** यो सहयोग प्राप्त भएपछि मैले निम्न अनुसार कार्य गर्नेछु। उदारहणको लागीः-

(क) पहिलो महिनाः आयमुलक कार्य सञ्चालनको लागि आवश्यक वस्तु/सामान खरिद गर्ने।

(ख) दोस्रो महिनाः व्यवसाय सञ्चालन र व्यवसायलाई निरन्तरता दिने व्यवस्थापन गर्ने।

(ग) तेस्रो महिनादेखिः उत्पादन वा सेवा बिक्री गरी आम्दानी सुरु गर्ने।

**४.अपेक्षित उपलब्धि**

यो कार्यक्रम सफल भएपछि मेरो मासिक आम्दानी करिब रु. ........... देखि ......... सम्म हुनेछ, जसले मेरो परिवारलाई 'अतिविपन्न' अवस्थाबाट माथि उठाउन मद्दत गर्नेछ।

**५.प्रतिबद्धताः**

गाउँपालिकाबाट प्राप्त हुने सहयोगको म पूर्ण सदुपयोग गर्नेछु र प्रतिबद्धता व्यक्त गर्दछु।

आज्ञाले,
जयराम श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत